## तथ्य पत्र

# जातिय भेदभाव कानून अन्तर्गत को उजुरी

## जातिय भेदभाव ऐन के हो?

जातिय भेदभाव ऐन १९७५ (*Racial Discrimination Act 1975* (Cth) (the RDA)) ले तपाईको जाति, रंग, वंश, राष्ट्रियता वा जनजातिय मूल वा आप्रावासी अवस्थाको कारण तपाईलाई असमान व्यवहार गर्नु कानूनको विपरित भएको जनाएको छ।

यसले जनजातिय घृणाविरुद्ध को कानून पनि बनाऊँदछ।

## यो कहिले प्रयोग गर्न सकिन्छ?

तापाईले धैरै सार्वजनिक जिवनहरुमा समान व्यवहार पानकोलागि RDA प्रयोग गर्न सक्नुहुनेछ:

- **रोजगारी** – नोकरी पाउने, नोकरीको शर्तहरु र अवस्थाहरु, तालिम, पदोन्नति, अवकाशित हुनु।
- **शिक्षा** –निजी तथा सार्वजनिक विद्यालय, कलेज वा विश्वविद्यालयम भर्ना वा अध्ययन।
- **आवास** – घर वा यूनिट भाडामा लिने वा खरिद गर्ने।
- **सेवा हासिल वा प्रयोग गर्ने** – जस्तै बैंङ्किङ्ग वा विमा, सरकारी विभागहरु द्वारा उपलब्ध गराईएका सेवाहरु, यातायात वा टेलिफोन सेवाहरु, वकिल, डाक्टर वा व्यवशायीहरु जस्ताले उपलब्ध गराउने पेशेवार सेवाहरुकोलागि, रेष्टुरेन्ट, पसल वा मनोरञ्जन स्थलहरु द्वारा उपलब्ध गराउने सेवाहरु।
- **सार्वजनिक स्थानहरुको प्रयोग गर्दा** – जस्तै पर्कहरु, सरकारी कार्यालयहरु, रेष्टुरेन्टराँहरु, होटेलहरु वा किनमेल केन्द्रहरु।

## जातिय भेदभाव के हो?

जातीय विभेद तब हुन्छ जब एक व्यक्तिलाई जाति, रंग, वंश, राष्ट्रिय वा जातीय मूल वा आप्रवासी स्थितिको कारण उस्तै स्थितिमा अर्को व्यक्तिको भन्दा कम राम्रो व्यवहार गरिएको छ भने त्यसबेला हुन्छ। उदाहरण को लागी, यो 'प्रत्यक्ष भेदभाव' हुनेछ यदि कुनै घर जग्गा अभिकर्ताले एक व्यक्तिलाई विशेष जातीय पृष्ठभूमि वा छालाको रंगका कारण घर भाँडामा दिन अश्विकार

जातीय विभेद पनि तब हुन्छ जब नियम वा नीति हुन्छ जुन सबैका लागि समान हुन्छ तर विशेष जाति, र रंग, वंश, राष्ट्रिय वा जातीय मूल वा आप्रवासी स्थितिमा अयोग्यतापूर्ण प्रभाव पार्छ। यसलाई "अप्रत्यक्ष भेदभाव" भनिन्छ। उदाहरण को लागी, यदि कम्पनीले भने कामदारले टोपी वा अन्य हेडवेयर लगाउनु हुँदैन, किनकि यसले केही जातीय / जातीय पृष्ठभूमिका मानिसहरूलाई अनुचित असर पार्ने सम्भावना छ भन्नु यो एक अप्रत्यक्ष भेदभाव हुन सक्छ।

## जतिय घृणा के हो?

जातिय, रंग, राष्ट्रियता वा व्यक्तिको साम्प्रदायिक मूलको आधारमा वा व्यक्तीहरुको समुह जो **अपमानित, हेलना, आत्मग्लानी वा तर्साउने** गर्नु कानूनको विपरित हो।

जातिय घृणाको उदारहणमा निम्न घृणाहरु समावेस हुन सक्दछन्:

- ई-फोरम, सामाजिक संञ्जाल साईटहरु र भिडियो आदान प्रदान गरिने साईटहरु लगाएतका आपत्तिजनक सामाग्रीहरु
- सामाचारपत्रहरु, पत्रपत्रिका पर्चाहरु वा पर्चाहरु जस्ता प्रकाशनका आपत्तिजनक टिप्पणीहरु वा तश्विरहरु
- सार्वजनिक जुलुसका आपत्तिजनक भाषणहरु
- पसल, कार्यस्थल, पार्क, सार्वजनिक यातायात वा विद्यालयहरु जस्ता सार्वजनिक स्थानहरुमा अपमानजनक टिप्पणीहरु
- खेलाडीहरु, दर्शकहरु, कोचहरु वा आधिकारिक व्यक्तित्वहरु द्वारा खेलकुद समरोहहरुमा अपमानजनक टिप्पणीहरु।

## आपत्तिजनक व्यवहारहरु कहिले जितय आधारका भएर कानूनको विरुद्ध भने हुँदैन?

RDA ले स्वतन्त्र रुपमा संवाद(वाक स्वतन्त्रतता) गर्ने अधिकारलाई र जनजातिय घृणाबाट निर्धक्क स्वतन्त्र रुपमा जिउने अधिकारलाई सन्तुलिन गर्ने लक्ष्य राखेको छ। RDA ले यदि निम्न कुराहरु "**यथोचित र राम्रो विश्वासका साथ**" गरिएको छ भने तिनिहरु कानूनको विरुद्ध नहुने भनेको छः

- **एउटा कलात्मक कार्य वा प्रदर्शनी** – उदारहणको लागि, एउटा नाटक जसमा जातिय आपत्तिजनक मोनोवृत चरित्रले व्यक्त गरेको हुन्छ।
- **एउटा बयान, प्रकाशन, छलफल वा बहस वास्तविक शैक्षिक वा वैज्ञानिक उद्देश्यको लागि बनाईएको छ** – उदारहणको लगि, सार्वजनिक नितिको बारेमा छलफल र बहस जस्तै अध्यागमन, बहुसांस्कृतिकता वा विषेश समुहहरुको लागि विषेश अंगिकरण गर्ने।
- **सार्वजनिक चासो जस्ता मामिलाहरुमा एक निष्पक्ष र सहि रिपोर्ट बनाउने** – उदारहणको लगि, जातिय आपत्तिजनक आचरणहरुको बारेमा एक पत्रपत्रिकामा एक निष्पक्ष रिपोर्ट।
- **एउटा निष्पक्ष टिप्पणी गर्ने**, यदि टिप्पणी व्यक्तीको वास्तविक विश्वासको अभिव्यक्ती हो भने।

## यदि मैले भेदभावपूर्ण वा जातिय घृणाको अनुभव गरेमा मैले के गर्न सक्दछु?

तपाईले यसलाई संलग्न व्यक्ती वा व्यक्तीहरु संग प्रत्यक्ष उठाउन सक्नुहुनेछ।

यदि यो समाधान गर्दैन भने, वा तपाई यो गर्न सहज महसुस गर्नुहुन्न भने, तपाईले अष्ट्रेलियाली मानव अधिकार आयोग(Australian Human Rights Commission) संग सोरकार व्यक्त गर्न सक्नुहुनेछ। तपाईको आफ्नो मातहतमा उजुरी गरिदिने एक वकिल, अधिवक्ता वा ट्रेड यूनियन जस्तै कोहि पनि हुन सक्दछ।

योगलाई उजुरी गर्नकोलागि तपाईलाई कुनैपनि खर्च लाग्दैन।

तपाईको उजुरी लिखित रुपमा हुनु पर्नेछ। आयोगमा उजरओको फारम उपलब्ध छन्, तपाईले त्यहि भरेर हुलाक वा फ्याक्स मार्फत हामीलाई पठाउन सक्नुहुनेछ वा तपाईले हाम्रो वेभसाईटबाटै अनलाई उजुरी गर्न सक्नुहुनेछ। यदि तपाई लिखित रुपमा उजुरओ गर्न सक्षम हुनुहुन्न भने हामी मद्दत गर्न सक्दछौं।

तपाईंको गुनासो वैध हुनको लागि यो यथोचित तर्कसंगत हुनुपर्दछ जुन तपाईंले गुनासो गर्न चाहानु भएको घटनाहरू गैरकानूनी भेदभाव हुन् र तपाईले आफ्ना आरोपहरूको बारेमा पर्याप्त विवरण दिनुपर्दछ कि के भएको, कहिले र कहाँ भयो र को संलग्न थियो भनेर।

उजुरी कुनैपनि भाषामा गर्न सक्नुहुनेछ। यदि तपाईलाई उल्थ्याउने वा दोभाषेको आवश्यकता परेमा, हामी यो व्यवश्था गर्न सक्नेछौं।

## मैले थप जानकारी कहाँ हासिल गर्न सक्दछु?

अष्ट्रेलियाली मानव अधिकार आयोग(Australian Human Rights Commission)को सम्पर्क विवरणहरु:

टेलिफोन
राष्ट्रिय जानकारी सेवा: १३०० ६५६ ४१९ वा (०२) ९२८४ ९८८८
TTY: १८०० ६२० २४१ (पैसा नलाग्ने)
फ्याक्स: (०२) ९२८४ ९६११

हुलाक

GPO Box 5218
Sydney NSW 2001

अनलाईन
ई-मेल: infoservice@humanrights.gov.au
वेभसाईट: www.humanrights.gov.au

तपाईले अनलाईनमा उजुरी गर्न सक्नुहुनेछ
www.humanrights.gov.au/complaints_information/online_form/index.html.

यदि तपाई बहिरा वा कान कम सुन्ने व्यक्ती हुनुहुन्छ भने तपाईले TTY को १८०० ६२० २४१ मा सम्पर्क गर्न सक्नुहुनेछ। यदि तपाईलाई असलान दोभाषेको आवश्यक परेमा, हामी त्यसको व्यवस्था गरिदिन सक्नेछौं।

यदि तपाई अन्धा वा आँखा कम देख्ने व्यक्ती हुनुहुन्छ भने, हामी अनुरोधको आधारमा वैकल्पिक संरचनाको जानकारीहरु उपलब्ध गराउन सक्नेछौं।

## जनजातिय घृणाका उनासोहरुकोलागि हन्य सम्पर्क स्थानहरु

यदि तपाई आपत्तिजनक मिडिया कथाहरू, प्रसारणहरू वा अनलाइन सामग्रीको बारेमा चिन्तित हुनुहुन्छ भने, तपाई अष्ट्रेलियाली संचार र मीडिया प्राधिकरण (Australian Communications and Media Authority (ACMA)); विज्ञापनको लागि विज्ञापन मानक बोर्ड(Advertising Standards Board for advertisements); वा पत्रपत्रिकाका कथाहरूको लागि अष्ट्रेलियाली प्रेस काउन्सिल(Australian Press Council) लाई गुनासो व्यक्त गर्न सक्नुहुनेछ । तपाइँ मिडिया संगठनको सम्पादक वा प्रबन्धकलाई पनि गुनासो व्यक्त गर्न

यदि तपाई छिमेकीहरूको आपत्तिजनक व्यवहारको बारेमा चिन्तित हुनुहुन्छ भने, तपाई सामुदायिक न्याय केन्द्र(Community Justice Centre)मा समस्या समाधान गर्न मद्दत माग्न सक्नुहुन्छ, वा यदि तपाई सार्वजनिक आवासमा बस्नुहुन्छ भने, आवास विभाग संग।

**यदि तपाई माथी हिंसाको धम्की वा हिंस्रक आक्रमण गरियो भने प्रहरी कहाँ जानुहोस्।**

**साधारण कानूनी सुझावको लागि**

यदि तपाईं गुनासो गर्ने बारेमा सोच्दै हुनुहुन्छ भने, तपाईं ले कानुनी सल्लाह लिन वा तपाईंको ट्रेड युनियनलाई सम्पर्क गर्न सक्नुहुन्छ। समुदाय कानूनी सेवाहरूले भेदभाव र उत्पीडनको बारेमा निःशुल्क सल्लाह प्रदान गर्न सक्छ। तपाईंको नजिकको समुदाय कानूनी केन्द्रको लागि सम्पर्क विवरणहरू www.naclc.org.au/directory मा फेला पार्न सकिन्छ।

**अपवाद: यस तथ्य पत्रका जानकारीहरु केवल एक गाईडको रुपमा मात्र लक्षित गरिएको हो। यो कानूनी सल्लाहो विकल्प हैन।**